जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि परेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी ह.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १२ • अंक ३३७ • २०८२ असोज ९ गते विहिवार • 25 Sep. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

## मिथिला क्षेत्रकै भगवती मन्दिर तथा शक्तिपीठहरूमध्ये महत्वपूर्ण एवं चर्चित धार्मिकस्थलको रूपमा रहेको सोनामाई मन्दिर

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ८ असोज**

महोत्तरी जिल्लाको औरही नगरपालिका-७, भोइल गाउँमा अवस्थित सोनासति महारानीको मन्दिर सोनामाई मन्दिरको नामले प्रख्यात रहेको छ। सदरमुकाम जलेश्वरदेखि २३ किलोमिटर उत्तरमा रहेको यस मन्दिर मिथिला क्षेत्रकै भगवती मन्दिर तथा शक्तिपीठहरूमध्ये महत्त्वपूर्ण एवं चर्चित धार्मिकस्थलको रूपमा रहेको छ। मन्दिरमा विशेषगरी भूत, प्रेत, पिसाच, दुष्ट आत्मा तथा बोक्साबोक्सीहरूद्वारा सताइएका व्यक्तिहरूलाई झारफुक एवं तान्त्रिक विधिद्वारा निको हुने विश्वास गरिन्छ । सन्तान नभएकाहरूलाई सन्तान प्राप्त हुने, भाकल पूरा हुने विश्वास



रहेको पुजारी कामेश्वर झाले बताउनुभयो । यहाँ दैनिकजसो पूजापाठ, आराधना, दर्शन तथा बलि प्रदान गर्न भक्तजनको घुइँचो लाग्ने गर्दछ । करिब पाँच सय वर्षअघि यस मन्दिर रहेको क्षेत्रमा घना जङ्गल थियो। जङ्गलमा गाई, भैंसीलगायतका बस्तुभाउ चराउन जिल्लाको पश्चिमी तथा दक्षिणी भेगबाट मान्छेहरू आउने गर्दथे र रातिको बास जङ्गलमै बस्नुपर्दथ्यो । एक दिन बस्तुभाउ चरिरहेकै अवस्थामा पाँच वटा भैंसी एकैसाथ हराएपछि चरवाहाहरूले भैंसी खोज्दै जाँदा हाल मन्दिर रहेको क्षेत्रमा पुग्दा सोनासति महारानी मानवको रूपमा प्रकट भई 'भैसी आफूसँग रहेको जानकारी गराउनुभयो। उहाँले 'मलाई दैनिक पूजापाठ, साँझ बत्ती, आरती गरे मात्र भैंसी दिने नत्र नदिने' भनेपछि चरवाहाहरूले सोही दिनदेखि त्यहाँ सोनासतिमाईको पूजापाठ आरती हुँदै आएको माताको तत्कालीन पुजारी माझी झाको भनाइ किम्वदन्तीको रूपमा रहेको पुजारी झगरु झा बताउनुहुन्छ।

अर्को प्रसङ्गमा पुजारी माझी झाको मित्र माझी चौधरीका व्यक्ति बिनाकसुर वीरगन्ज जेलमा परेपछि उनले जेलबाटै सोनासति महारानीको मन्दिर बनाइदिन्छु भनी भाकल गर्दा जेलबाट निस्केको कहानी समेत स्थानीयहरूको जनजिब्रोमा रहेको कुरा अर्का पुजारी घनश्याम झाको कथन छ । मन्दिर निर्माण हुनुपूर्व यहाँ कहचरीया स्थान भन्ने एउटा धेरै पुरानो सिसौको रुखको टोड्कामा सोनासति महरानीको बास रहने गरेको स्व. पुजारी राजेन्द्र झा (बन्ठु) को भनाइ थियो । केही वर्षपछि पुजारीले कहचरीया स्थानबाट मूर्ति ल्याई हाल मन्दिर रहेको स्थानमा माटोको घर बनाई दैनिक पूजापाठ गर्न थाल्नुभयो ।

यसैबीच सोनामाईकै नाम स्मरण गर्दा जेलबाट मुक्त भएका माझी चौधरीले मातालाई गरेको पूर्ववाचाअनुसार मन्दिर बनाई दिएपछि त्यसमा माताको प्राणप्रतिष्ठा गराई पूजापाठ हुन थालेको स्थानीय राजनीतिकर्मी नरेन्द्र यादवले बताउनुभयो। धेरै वर्ष सोही मन्दिरमा पूजाआजा भयो र पुनः सो मन्दिर पनि पुरानो र जीर्ण भएपछि त्यसलाई भत्काई अहिलेको नयाँ मन्दिर बनेको छ र यसै मन्दिरमा माताको पूजा, पाठ, आरती दैनिक रूपमा भइरहेको छ। यस शक्तिपीठलाई देशकै नमूना शक्तिपीठ तथा धार्मिक एवं पर्यटकीयस्थलको रूपमा समेत विकास गर्न सकिने स्थानीयहरूको भनाइ रहेको छ। नेपालकै धार्मिक एवं ऐतिहासिक धरोहरहरूमध्येको यो मन्दिर पनि एउटा शक्तिपीठ हो।

## सिंह नेतृत्वको सरकारलाई समर्थन दिने वा नदिने भन्ने विषयमा छलफल

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ८ असोज**

मधेस सरकारको गठबन्धनबारे छलफल गर्न नेपाली कांग्रेस मधेस प्रदेश संसदीय दलको बैठक बसिरहेको छ।

बुधबार बिहानदेखि सुरु भएको बैठकमा मुख्यमन्त्री सतिस सिंह नेतृत्वको सरकारलाई समर्थन दिने वा नदिने भन्ने विषयमा छलफल हुने बताइएको छ।बैठकमा सहभागी अधिकांश सांसदहरूले सरकारबाट समर्थन फिर्ता लिने धारणा राखेको बताइएको छ। सांसदहरूले अहिलेको समयमा सरकारलाई दिएको समर्थन फिर्ता लिएर बाहिरिन उचित रहेको दलका नेतालाई सुझाव दिएको बैठकमा सहभागी प्रदेश सांसद श्याम पटेलले बताए। उनले भने- 'आज बिहानदेखि संसदीय दलको बैठक



चलिरहेको छ, यसमा अधिकांश सांसदहरूले सरकारबाट बाहिरिने धारणा राखेका छन्। एक, दुई जनाले विश्वासको मतको दिनसम्म केही नगरौं भनेका छन् । तर बहुमत सांसदले समर्थन फिर्ता लिन जोड दिएका छन् ।' सम्भवतः दलको बैठकले आजै केही निर्णय गर्न सक्ने उनले बताए। यद्यपि, कांग्रेस संसदीय दलका नेता कृष्या यादवले भने अहिले बैठक चलिरहेको तर अन्य निर्णयबारे पर्खिनुपर्ने बताए । जेनजी आन्दोलनलगत्तै जनमत पार्टीले भने आफ्नै नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिँदै विपक्षी दलको कित्तामा बस्न थालेको छ। सरकारको नेतृत्व गरिरहेको जनमत पार्टी नै मुख्यमन्त्रीको विरुद्धमा खडा भएपछि सरकारको गठबन्धनबारे छलफल गर्न कांग्रेसले सक्रियता बढाएको हो ।

गत भदौ २८ गते जनमत संसदीय दलले प्रदेश प्रमुखको कार्यालयमा सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र दर्ता गराएको थियो । त्यसलगत्तै मुख्यमन्त्री सिंहले आफ्नो सल्लाह बिना दलले समर्थन फिर्ता लिएको भन्दै सङ्घीयता बचाउनका लागि सरकार नछाड्ने बताउँदै आइरहेका छन्। मुख्यमन्त्री सिंहले आफ्नो नेतृत्वको सरकारका लागि विश्वासको मत प्राप्त गर्न छलफल गरिरहेका छन्। जनमत पार्टी संसदीय दलले सरकारबाट समर्थन फिर्ता लिए पनि अर्को सरकार निर्माणका लागि मुख्यमन्त्रीले लिखित रूपमा राजीनामा बुझाउनुपर्ने प्रावधान छ।







# जेष्ठ नागरिकको सम्मान गरौं ।

***जेष्ठ नागरिक अनुभव र ज्ञानका भण्डार हुन्:***

- जेष्ठ नागरिकको भूमिकालाई परिवार र समाजमा महत्व दिऔं,
- निर्णय प्रकृयामा समावेश गराऔं,
- स्वास्थ्य र सुरक्षा सुनिश्चित गरौं,
- एक्लोपन हटाउन सँगैं समय बिताउने गरौं,
- सामाजिक र सांस्कृतिक कार्यक्रममा सहभागी गराऔं,
- आर्थिक रुपमा सहयोग र सुरक्षा उपलब्ध गराऔं,
- अधिकार र स्वाभिमानको रक्षा गरौं,
- सदभाव र माया बढाई परिवार र समाजको अभिन्न हिस्सा बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## सुशासन कायम र भ्रष्टाचार नियन्त्रण चुनौतिपूर्ण

जेन-जी पुस्ताको विद्रोहको जगमा बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारको प्रमुख कार्यभार रहेको छ- सुशासन कायम गर्ने र युवाको मांग अनुसार भ्रष्टाचार मुक्त मुलुक निर्माण गर्ने । यो कार्यभार किन महत्त्वपूर्ण रहेको छ भने जेन-जी युवाको विद्रोहको मुख्य कारण नै भ्रष्टाचार विरुद्धको आवाज रहेको छ। विगतमा सरकारकै संरक्षणमा मौलाएको नीतिगत भ्रष्टाचारको जालो च्यात्न र नियामक निकायमाथि स्वार्थी समूहहरूबाट 'ओपन-सेक्रेट' रूपमा भइरहेको कब्जाबाट ती निकायलाई मुक्त गर्न कार्की सरकारलाई ठूलो चुनौती रहेको देखिन्छ । बिचौलियाको स्वार्थमा पूर्ववर्ती सरकारले नियुक्त गरेका नियामक निकायका पदाधिकारी सरकारको कदममा बाधक हुने देखिन्छ ।

यद्यपि यथार्थ के रहेको छ भने- वर्तमान सरकारको सफलतामा उसले भ्रष्टाचार विरुद्ध अवलम्बन गर्ने नीति र कदमले सबैभन्दा बढी अंकभार बोकेको छ। विशेषगरी मुलुकको अर्थ प्रशासनमा लामो अनुभव हासिल गरेका र आर्थिक तथा वित्तीय क्षेत्रको नीति-निर्माणमा काम गरेका अर्थमन्त्री रामेश्वर खनाल हालको समस्यासँग राम्रोसँग जानकार रहेको छ। त्यसैले देशको आर्थिक क्षेत्रले उनले चाल्ने कदम र अवलम्बन गर्ने नीतिलाई चासो पूर्वक हेरेका छन । आर्थिक तथा वित्तीय क्षेत्रको सुधारका लागि अर्थ मन्त्रालयको नेतृत्व गरेका खनालसामु अनेक किसिमको चुनौतीहरु रहेका छन् । अब जनताले आशा लगाएर बसेका छन की आउने चुनौतीहरुको सामना गर्दै किनारा लगाउन कत्तिको सक्षम हुनेछ ।

# टोलको सुरक्षाका लागि विगत पाँच दिनदेखि रातभरि गस्ती

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ८ असोज**

राजविराज नगरपालिका ४ का मुस्लिम महिलाहरू टोलको सुरक्षाका लागि विगत पाँच दिनदेखि रातभरि गस्ती गर्दै आएका छन् ।

जेनजीको आन्दोलनपछि टोल असुरक्षित भएको महसुस गर्दै उनीहरू रातभरि गस्ती गरेर सुरक्षा दिन थालेका हुन् । टोलमा दिनहुँ राति १२ बजेपछि भारतीय मोटरसाइकलमा केही व्यक्ति आएर टोलमा घुमेर चियो गर्न थालेपछि महिलाहरू टोलको सुरक्षामा खटिन थालेको स्थानीयले बताए । हाम्रो टोलका अधिकांस पुरूषहरू वैदेशिक रोजगारीमा छन् । पुरूष नभएपछि आफ्नो घर र टोल जोगाउन हामी महिलाहरू सुरक्षाका लागि विगत पाँच दिनदेखि गस्ती गर्दै आएको स्थानीय सम्सा खातुनले बताउनुभयो । उहाँले भन्नुभयो, "केही अपरिचित व्यक्ति दिनहुँ टोलमा ओहर दोहर गर्छन् । टाढा पुगेपछि नबुझिने भाषामा बोल्छन् । हामीलाई गस्ती गरेको देखेर फर्किने गरेका छन् ।" उहाँले ससाना केटाकेटीहरू छन् ।



कति बेला के गर्छ ? थाहा छैन । डराएर बस्नुपर्ने बाध्यता रहेको बताउनुभयो । घर र छोराछोरीलाई सुरक्षित राख्ने उद्देश्यले रातभरि गस्ती गर्दा ज्यान जोखिममा पर्ने चिन्ता रहेको सोही ठाउँकी सफिना अंसारीले जानकारी दिनुभयो ।

# सङ्घीयता विरुद्धका कुनै पनि षड्यन्त्र स्वीकार नहुने

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ८ असोज**



मधेश प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताले सङ्घीयता विरुद्धका कुनै पनि षड्यन्त्र आफूहरूलाई स्वीकार नहुने भन्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि एकताबद्ध भएर अगाडि बढ्नुपर्ने बेला भएको बताएका छन् । जेनजी समूहको अन्दोलनपछि मङ्गलबार बसेको प्रदेश सभाको छैठौं अधिवेशनको तेस्रो बैठकमा बोल्दै राजनीतिक दलका नेताले यस्तो बताउनुभएको हो । उहाँहरूले व्यवस्था राम्रो भए पनि अवस्था खराब भएका कारण युवामा निराशा बढ्दै गएपछि भ्रष्टाचार नियन्त्रण र सुशासन कायम हुनुपर्ने प्रमुख मागसहितको आन्दोलन उचित भएकाले आफूहरूको कमीकमजोरी सुधार गरेर अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।

नेकपा (एमाले) संसदीय दल मधेश प्रदेशका नेता एवं भौतिक पूर्वाधार तथा विकासमन्त्री सरोजकुमार यादवले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न व्यक्तिले सहादत प्राप्त गरेको भन्दै यस व्यवस्थालाई कसैले समाप्त गर्न खोजे नेपाली जनताले रक्षा गर्ने बताउनुभयो । उहाँले सङ्घीयताका बारेमा फिजाइएको भ्रमलाई चिर्नका लागि सबै राजनीतिक दल एकजुट भएर अगाडि बढ्नुपर्ने भन्दै सङ्घीयता आएपछि मात्रै देशमा विकास सुरुवात हुनथालेको बताउनुभयो । उहाँले जेनजी आन्दोलनका क्रममा केही आपराधिक मानसिकता भएका व्यक्तिले उद्योग कलकारखाना, होटेल र सार्वजनिक सम्पत्तिमा आगजनी र तोडफोड गरी व्यापक क्षति पुऱ्याएको भन्दै यसको छानबिन हुने बताउनुभयो ।









## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: मित्रतामा फाटो आउने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक चिन्ता
कन्या: अनावश्यक खर्चको संभावना
तुला: आम्दानी हुने
वृश्चिक: लामो यात्राको योग छ
धनु: खानपानमा समस्या आउने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: मनमा पछुतो आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# विश्व आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ असोज**



आर्थिक सहयोग तथा विकास संगठन (ओईसिडी) को पछिल्लो प्रतिवेदनअनुसार, विश्वको आर्थिक वृद्धिदर क्रमशः घट्दै जाने अनुमान गरिएको छ। सन् २०२४ मा ३.३ प्रतिशत रहेको वृद्धिदर सन् २०२५ मा ३.२ प्रतिशत र सन् २०२६ मा झनै घटेर २.९ प्रतिशतमा पुग्ने प्रक्षेपण गरिएको छ।

ओईसिडीका अनुसार, यो गिरावटको मुख्य कारणहरूमा अग्रिम व्यापार आपूर्ति प्रणालीको अन्त्य, भन्सार दरमा वृद्धि र नीतिगत अनिश्चितता रहेका छन् । यी कारकहरूले विश्वभर लगानी र अन्तर्राष्ट्रिय व्यापारलाई कमजोर बनाएको छ। विशेष गरी, संयुक्त राज्य अमेरिकाले अधिकांश व्यापार साझेदारहरूसँग भन्सार दर तीव्र रूपमा बढाएको छ। सन् २०२५ को अन्त्यसम्ममा अमेरिकी भन्सार दर १९.५ प्रतिशत पुगेको र यो सन् १९३३ पछिकै सबैभन्दा उच्च भएको ओईसिडीले जनाएको छ।

प्रतिवेदनमा भविष्यमा आर्थिक वृद्धिमा थप जोखिमहरू रहन सक्ने उल्लेख गरिएको छ। जसमा भन्सार दरको फेरि बढोत्तरी, मूल्यवृद्धिको चाप, बजेटको असन्तुलन र वित्तीय बजारको अस्थिरता प्रमुख रहेका छन्। संयुक्त राज्य अमेरिकाः सन् २०२६ सम्ममा अमेरिकी आर्थिक वृद्धिदर १.५ प्रतिशतमा झर्ने अनुमान गरिएको छ। प्रविधिमा लगानी बढे पनि भन्सार र आप्रवासन नीतिहरूले समग्र वृद्धिमा अवरोध सिर्जना गरेको छ।युरोपेली क्षेत्रः युरोपमा पनि आर्थिक गति सुस्त हुने अनुमान गरिएको छ। सन् २०२५ मा १.२ प्रतिशत र सन् २०२६ मा १.० प्रतिशतको मात्र वृद्धिदर हासिल हुने सम्भावना छ।

# जेन-जी प्रदर्शनबाट निजी क्षेत्रमा ८० अर्बको क्षति, २२ अर्ब २५ करोडको बीमा दावी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ असोज**



गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनले मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारदेखि लिएर निजी क्षेत्रका उद्योग र व्यापारिक प्रतिष्ठानमा ठूलो क्षति पुगेको छ । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालका अनुसार, यस आन्दोलनबाट निजी क्षेत्रमा मात्रै करिब ८० अर्ब रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।

आन्दोलनले प्रमुख व्यवसायहरूमा ठूलो असर पुगेको छ। भाटभटेनीका अध्यक्ष मिनबहादुर गुरुङले प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर दिएको विवरणअनुसार, भाटभटेनीका १२ वटा स्टोर पूर्ण रूपमा जलाइएको र ९ वटामा आंशिक क्षति पुगेको छ, जसबाट १० अर्ब ८५ करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान छ। यस्तै, होटल एसोसिएसन अफ नेपाल (हान) का अनुसार, होटल क्षेत्रमा मात्रै २५ अर्ब रुपैयाँको क्षति पुगेको छ।

दूरसञ्चार सेवा प्रदायक एनसेलको मुख्य कार्यालयसहित पोखरा, धनगढी र महेन्द्रनगरका कार्यालयमा तोडफोड र आगजनी भएकाले कम्पनीका करिब ४०० कर्मचारीले घरबाटै काम गरिरहेका छन्। विनोद चौधरीको चौधरी समूहमा पनि करिब ५ अर्ब रुपैयाँको क्षति पुगेको प्रारम्भिक आकलन गरिएको छ। यस आन्दोलनले निजी क्षेत्रलाई ठूलो मार पारेपछि सरकारले राहत र पुनर्निर्माणको योजना अघि सारेको छ । सरकारले क्षतिको छानबिन गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा एक आयोग गठन गरेको छ।

# सन्तोष सेन भन्छन्: बलिदान फिल्म हेर्दा दर्शकको जिउमा काँडा उम्रिन्छ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ असोज**



निर्देशक सन्तोष सेनले आफ्नो फिल्म 'बलिदान'ले देशको मायाबारे बुझाउने बताएका छन्। आफ्नो फिल्मले केवल मनोरञ्जन मात्र नदिने, देश र आमाप्रतिको कर्तव्यबोध गराउने उनले दाबी गरे। 'हामीले उठाएको विषयवस्तुलाई पर्दामा उतार्न निकै कठिन थियो। लामो समयको निरन्तर धैर्य र परिश्रमपछि आज यो फिल्म तयार गरेका छौं,' सेनले भने, 'देशप्रति र आफ्नी आमाप्रतिको माया, ममता र कर्तव्य हो बलिदान।'

फिल्मले राजनीतिक कुटिलताले आम जनतालाई कसरी बहकाउँछ र प्रयोग गर्छ भन्ने सन्देशसमेत दिने उनले बताए। सेनले 'बलिदान'को मेकिङ र प्रस्तुति उच्च गुणस्तरमा भएको दाबी गर्दै भने, 'हामी आमाको कोखबाट जन्मिन्छौं र मातृभूमिको काखमा हुर्कन्छौं। यी दुवै नै हाम्रो जीवनका आधार हुन्। यही आधारलाई फिल्ममा विभिन्न कोणबाट पस्किएका छौं। फिल्म हेर्दा दर्शकले मनोरञ्जन मात्र होइन, जिउमा काँडा उम्रिने खालको जोस र ऊर्जा पाउनेछन्।' सेनकै निर्माण रहेको फिल्ममा मुख्य भूमिकामा समीर भट्ट छन् भने सौगात मल्ल, अर्पण थापा र महेन्द्र बुढाथोकीको पनि मुख्य भूमिका छ। आशुसेन फिल्मस् प्रालिको ब्यानरमा बनेको फिल्ममा ऋचा शर्मा, कविता राय, हेमन्त बुढाथोकी, प्रेम पुरीलगायत कलाकारहरूको पनि अभिनय देख्न सकिन्छ।

# भलिबल प्रशिक्षणबाट 'ब्रेक' लिने प्रशिक्षक भट्टको घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ असोज**



नेपाली भलिबल प्रशिक्षक जगदिश भट्टले अब भलिबलको कुनै पनि प्रशिक्षण गतिविधिमा संलग्न नहुने बताएका छन्। विगत तीन दशक नेपाली भलिबलमा योगदान गरेका भट्टले बुधबार फेसबुकमा स्ट्याटस लेख्दै भलिबल प्रशिक्षण लगायत गतिविधिबाट ब्रेक लिएको घोषणा गरेका छन्। "पेशा र राष्ट्रका खातिर पटक-पटक अवहेलना सहँदै 'थोरै भए पनि केही गरौँ' भन्ने सोचका साथ लागेको थिएँ। तर अब त्यो अवस्था रहेन। त्यसैले आगामी दिनमा राष्ट्रिय खेलकुद परिषद्को कार्यक्रमबाहेक–त्यो पनि जागिरमै रहेसम्म–मात्र संलग्न रहनेछु।

अन्यथा, काम गर्न नसकिने अवस्थामा बसिरहनु भन्दा बाहिरबाटै भलिबल खेललाई सहयोग गर्ने बाटो रोज्नेछु। यसबाहेक अन्य कुनै गतिविधि (छनोट वा सहभागीता)मा संलग्न नहुने निर्णय लिएको छु भन्ने कुरा यहाँहरूलाई अवगत गराउन चाहन्छु" भट्टले लेखेका छन्। पछिल्लो पटक नेपालको पुरुष भलिबल टिममा खेलाडी छनोटको विषयमा विवाद भएपछि भट्टले यस्तो घोषणा गरेका हुन्। हाल नेपाली भलिबलको तीन फरक टिम अन्तर्राष्ट्रिय प्रतियोगिताको लागि प्रशिक्षणमा व्यस्त छ। भट्टले यसअघि तीन टिमको प्रशिक्षणमा पुगेर पनि सघाउने गर्दै आएका थिए। भट्टले संक्षिप्त कुरा गर्दै सँधै राष्ट्रको लागि सोचेर अघि बढ्दा पनि कसैको साथ नपाउँदा अब प्रशिक्षणमा नबस्ने निर्णय गरेको बताए। नेपाल भलिबल संघका महासचिव रोशन श्रेष्ठले राखेप अन्तर्गत भलिबलको मुख्य प्रशिक्षक भएकोले खेलाडी छनोटको विषयमा जगदिश भट्टले सञ्चारमाध्यममा अन्तर्वार्ता दिएको बताए। तर नेपाल भलिबल संघले तीन जना सम्मिलित छनोट समितिको सिफारिसमा खेलाडी छनोट गरेको र त्यसबाट उत्कृष्ट टिम बनाउने लक्ष्य रहेको बताए।









# युवा उभारको रापमा जेन-जी आन्दोलन



-'कुनै पनि समाजमा युवापुस्ताको अत्यधिक बढी जगेर्ना हुने र युवाहरूले अर्थपूर्ण भूमिका नपाउने अवस्थामा त्यो समाज हिंसा, प्रतिरोध र युद्धका लागि मलिलो भूमिमा परिणत हुन पुग्छ ।' युवा उभार सिद्धान्तका प्रवर्तक जर्मन समाजशास्त्री गुन्नार हायनसनको यो भनाइ पाकिस्तान, बंगलादेश, इराकजस्ता एसियाली देशलगायत नेपालका सवालमा पनि दिन प्रतिदिन सान्दर्भिक हुँदै गएको छ ।

नेपालको राष्ट्रिय युवा नीति, २०७२ ले पनि युवालाई राष्ट्रको अमूल्य सम्पत्ति मान्दै उनीहरू राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतकि रूपान्तरणका अग्रदूत र संवाहक शक्ति मानेको छ । यद्यपि, नेपालको सन्दर्भमा लिखतका रूपमा युवा नीतिले युवालाई सामाजिक र सांस्कृतिक रूपान्तरणको संवाहक शक्ति मान्नु र यथार्थमा राज्यसत्ताले युवाहरूसँग गरिने व्यवहारको बीचमा भने आकाश-जमिनको अन्तर परिरहेको स्थिति देखिन्छ । जापान, अमेरिका र बेलायतजस्ता संसारका थुप्रै विकसित देशले युवा उभार र जनसांख्यिक लाभको सही समयमा नै पहिचान गर्दै राष्ट्र निर्माणको मूलप्रवाहमा समेटेर देशको समग्र अवस्था उकास्न सफल भएका दृष्टान्त छन् । नेपालमा पनि जनसंख्याविद् तथा अन्य समाज वैज्ञानिकहरूले वर्तमान अवस्थामा जनसांख्यिक लाभका रूपमा रहेको नेपाली युवाहरूको अधिकतम उपस्थितिलाई गुणात्मक प्रतिफल आउने गरेर देश विकासको खाका बनाउनुपर्नेमा जोड दिँदै आएका छन् । थुप्रै सन्दर्भमा पटक-पटक सचेत गराइरहँदा पनि नेपालले अन्य देशको अनुभव मनन गरेर युवा उभारलाई देश विकासको मूल प्रवाहसँग जोड्न किन सकिरहेको छैन भन्ने सवालमा यो आलेख केन्द्रित रहेको छ । जनसांख्यिक लाभको बेवास्ता- नेपाली सन्दर्भमा वि.सं. २०७८ देखि २१०८ सम्मको अवधिसम्म नेपालको कुल जनसंख्यामा युवाहरूको सर्वाधिक बाक्लो उपस्थिति रहने आँकडा जनसंख्या तथा समाज वैज्ञानिकहरूले प्रक्षेपण गरी नै रहेको अवस्था थियो । विश्व परिवेशमा पनि एसियन राष्ट्र जापानले सन् १९५० देखि सन् १९८० सम्ममा पाएको जनसांख्यिक लाभलाई राष्ट्र निर्माणको हेतु लगाउन सफल भएको थियो । यस अलावा अमेरिकाले सन् १९४० देखि सन् १९७० को जनसांख्यिक लाभबाट फाइदा लिएको थियो भने बेलायतले समेत उनाइसौं शताब्दीको मध्यदेखि बीसौं शताब्दीको दोस्रो दशकसम्म रहेको जनसांख्यिक लाभबाट प्रचुर फाइदा उठाएको थियो । यद्यपि, वैज्ञानिक अनुसन्धानबाट निकालिएको प्रमाणलाई नजरअन्दाज गर्ने संसारमा थुप्रै पछौटे मुलुक जस्तै नेपाली राज्यसत्ताले पनि देशभित्र हुर्कंदै गएको युवा आक्रोशलाई साधारण मान्दै आइरहेको थियो । विगत दुई-तीन दशकयतादेखि श्रम गन्तव्यका रूपमा दक्षिण कोरिया र खाडी मुलुक एवं शैक्षिक गन्तव्यका युरोप, अमेरिका र अस्टेलियाजस्ता देशमा युवाको लर्को लाग्ने चलन गुणात्मक रूपमा वृद्धि हुँदै गएको यथार्थ सर्वविदित नै छ । एकातर्फ युवाजति खाडीमा छन्, गाउँमा बूढाबूढी मात्र छन्, मलामी जाने युवा छैनन् भन्दै देशको चिन्ता गरेजस्तो गरेर नेतागणहरू गोहीको आँसु बगाइरहन पनि भ्याई नै रहेका थिए ।

अर्कोतर्फ नेपालको जनसंख्यामा युवाहरूको बढ्दो उभारलाई कोरियाको ईपीएस, खाडी देशसँगको श्रम सम्झौता, रसियन सेनामा भर्ना र अन्य विकसित देशहरूले शिक्षाका नाममा दिएको प्रवेश मौकाले नै समाधान गरिदिन्छ भन्ने सतही सोचमा नै नेतृत्व पंक्ति मख्ख परिरहेको थियो । झन्डै पाँच लाख युवा वर्षैपिच्छे श्रमबजारमा प्रवेश गर्ने र त्यसमध्ये एक लाखले मात्र रोजगार पाउने आँकडाहरू सार्वजनिक भइरहँदा पनि वार्षिक रूपमा बाँकी चार लाख युवाको आकांक्षा कसरी सम्बोधन हुन्छ भन्ने सवालमा राज्य र सरकार दुवै बेखबर जस्तै नै थिए । कुनै पनि देशमा जनसांख्यिक लाभको समयमा कुल जनसंख्यामा युवाहरूको उपस्थिति गणितीय रूपमा नै अधिक भइरहँदा युवाहरूको अपेक्षा सम्बोधन हुन सकेन भने आक्रोशहरू एकीकृत भएर विस्फोट हुन सक्ने अनुमान युवा उभार सिद्धान्तका प्रवर्तकहरूले गर्दै आएका थिए । यही सिलसिलामा देशभित्र उम्लिरहेको युवाहरूको अपेक्षा र आक्रोशको निरन्तर रूपमा बेवास्ता भएपछि उनीहरूले पठाएको रेमिट्यान्सको भरमा कुलीनतन्त्र आजीवन चलाइरहन सकिन्छ भन्ने सोचलाई प्रतिरोध हुँदा पनि नेपालले जेन-जी आन्दोलनका रूपमा युवा आकांक्षाको विस्फोटक अवस्था सामना गर्नुपरेको छ । सामाजिक सञ्जाल र उत्पादन संस्कृति- नेपालको सन्दर्भमा राजनीतिक वृत्तमा नेतृत्व हाँकिरहेका आदिम मनुवा र नयाँ प्रविधिमा हुर्किरहेका नयाँ पुस्ताको बीचमा ठूलो खाडल पर्दै गइरहेको यथार्थ सर्वविदित नै थियो । अग्रगामी र प्रगतिशीलताका हिमायतीहरूले मात्र विज्ञान, प्रविधि र मानवीय भावनाहरू बीचको अन्तरसम्बन्धलाई न्यायोचित तरिकाले मनन गर्न सक्छन् ।

वर्तमान अवस्थामा थुप्रै युवा स्टार्टअप व्यापार गरेर सामाजिक सञ्जालमार्फत ग्राहकसँग जोडिँदै उपभोग्य सामग्रीहरूको बेचबिखन गरेर समेत मनग्यै कमाइरहेका छन् । समाजमा व्यापार तथा वित्त कारोबारको क्षेत्रमा देखा परिरहेको नवीन सामाजिक यथार्थहरूका बारेमा टाइपराइटर पुस्ताको राजनीतिक नेतृत्वले मनन गर्न नसकेको यथार्थ घामजत्तिकै छर्लङ्ग छ ।

साभार : कान्तिपुर ।


















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday